प्रदेश सरकार

# आर्थिक मामिला तथा योजना मन्त्रालय

कोशी प्रदेश, विराटनगर, नेपाल

प.सं. :- ०८२/८३

च.नं. :- २६

मिति :- वि.सं. २०८२/०४/०९

विषयः प्रकृया सरलीकरण गरिएको सम्बन्धमा।

भूमिसुधार तथा मालपोत कार्यालय, सबै
कोशी प्रदेश।

प्रस्तुत विषयमा कोशी प्रदेश आर्थिक ऐन, २०८२ को दफा २ सँग सम्बन्धित अनुसूची १ को खण्ड (घ) विविधको बुँदा नं ११ मा उल्लिखित व्यवस्था कार्यान्वयनमा द्विविधा भएकाले स्पष्ट गरिदिनु भनी विभिन्न भूमिसुधार तथा मालपोत कार्यालयबाट स्पष्टताको माग भई आएको हुँदा मिति २०८२।०४।०८ को माननीय आर्थिक मामिला तथा योजना मन्त्रीस्तरबाट देहाय बमोजिमको निर्णय भएको हुँदा जानकारीको लागि आदेशानुसार अनुरोध छ।

तपसिलः

कोशी प्रदेश आर्थिक ऐन, २०८२ को दफा २ सँग सम्बन्धित अनुसूची १ को खण्ड (घ) विविधको बुँदा नं ११ मा उल्लिखित व्यवस्था कार्यान्वयन गर्दा महिला, सत्तरी वर्ष भन्दा बढी उमेरका ज्येष्ठ नागरिक र माता पिता विहीन नाबालकको नाममा जुनसुकै प्रकारबाट स्वामित्व प्राप्त हुनेगरी पारित हुने लिखतमा रजिष्ट्रेसन शुल्कमा पच्चीस प्रतिशत छुट गर्दा महिला र सत्तरी वर्ष भन्दा बढी उमेरका ज्येष्ठ नागरिकको हकमा सो खुल्ने प्रमाण/कागजात र माता पिता विहीन नाबालकको हकमा सो खुल्ने प्रमाण/कागजात सहित स्थानीय तहबाट भएको सिफारिस समेतका आधारमा छुट दिने व्यवस्था मिलाउने।

प्रमाणित डिजिटल हस्ताक्षर गर्ने व्यक्ति
Keshab Koirala
kkoirala318@gmail.com

(केशव कोइराला)
कानून अधिकृत